माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या २० राजपत्रमा प्रकाशित मिति : २०८०/०३/११

भाग -२

माई नगरपालिका

## माई नगरपालिकाको कर्मचारी तह वृद्धिसम्बन्धी कार्यविधि,२०८०

कार्यपालिकामा प्रस्तुत मितिः २०८० असार ०९ गते।
कार्यपालिकाबाट स्वीकृत मितिः २०८० असार ०९ गते।
प्रमाणित मिति : २०८० असार ११ गते।

# माई नगरपालिकाको कर्मचारी तह वृद्धिसम्बन्धी कार्यविधि,२०८०

१. प्रस्तावना:कोशी प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन अध्यादेश, २०८० मा भएको कानुनी व्यवस्था लाई कार्यान्वयन गर्न माई नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई तह वृद्धि गर्न आवश्यक भएकाले सो अध्यादेशको दफा १५४ को अधिकार प्रयोग गरी माई नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८०।०३ ०९। गतेको बैठकबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

२. **सक्षिप्त नाम र प्रारम्भ: यो कार्यविधिको नाम:**"माई नगरपालिकाको कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि,२०८०" रहेको छ ।

(१) प्रारम्भ: यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

३. **परिभाषा**:विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यसकार्यविधिमा-

क. "अध्यादेश" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्छ।

ख. "कार्यविधि" भन्नाले माई नगरपालिका कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि,२०८० लाई सम्झनु पर्दछ।

ग. . "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनुपर्छ।

घ. "कार्यालय" भन्नाले माई नगरपालिका लाई सम्झनुपर्दछ।

ङ. "कार्यपालिका" भन्नालेमाई नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

च. कर्मचारी भन्नाले माई नगरपालिकाको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भई साथै संघीय लोकसेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भइ माई नगरपालिकामा कार्यरत स्थायी कर्मचारी समेत लाई जनाउछ ।

छ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले माई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ज. "तह वृद्धि" भन्नाले अध्यादेशको दफा ४, दफा ८ र दफा २८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ ।

झ. "प्रदेश लोकसेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

ञ. "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ३ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

४. **सूचना प्रकाशितगर्ने**:- (१) तहबृद्धिको लागि तपशिल बमोजिम योग्यता पुगेका कर्मचारीहरुले देहायका कागतजात सहित आवेदन पेश गर्नुपर्नेछ । आवेदन तिस दिनको म्याद राखी कार्यालयको सूचनापाटी र वेवसाइटमा सूचना प्रकाशित गरिनेछ।

| क्र.स. | हालको तह | तह बृद्धि हुने तह | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
|---|---|---|---|---|
| १ | चौथो | पाचौं | SLC वा सो सरह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

| | | | | |
|---|---|---|---|---|
| २ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता तहमा प्रमाण पत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | छैटौं | सातौं | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

) आवश्यक कागतजातहरु :

१. स्थायी नियुक्तिको पत्र ।

२. बढुवा/तह वृद्धि भएको पत्र। (दफा ८(१६) को हकमा नपर्ने)

३. समायोजनपत्र। (समायोजन भएका कर्मचारीको हकमा मात्र)

४. नेपाली नागरिकताको प्रमाण पत्र।

५. न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र।

५. **सिफारिस समितिः** १)अध्यादेशको दफा २८ अनुसार (३)अनुसार तह बृद्धि समिति देहाय बमोजिम रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) अधिकृत स्तरको महिला कर्मचारी -सदस्य

(ग) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

२) **समितिको काम कर्तव्य र अधिकारः** सिफारिस समितिको काम कर्तव्य रअधिकार तपसिल बमोजिम हुनेछ।

क. तह बृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

ख.आवेदन शुल्क निर्धारण गर्ने ।

ग. आवेदन पेशका लागि सूचना प्रकासित गर्ने ।

घ. पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

ङ. अध्यादेशकोदफा ४ (५)बमोजिम सेवा अवधि पाँच वर्षपूरा गरेका कर्मचारी तह बृद्धिको लागि निर्णय गर्ने।

च .अध्यादेशको ८(१६) बमोजिमका कर्मचारीको तह बृद्धिको लागि निर्णय गर्ने।

छ .अध्यादेशको दफा २८ बमोजिमका कर्मचारीको तह वृद्धिको लागि निर्णय गर्ने ।

ज. तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह बृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने।

६. **आवश्यक न्युनतम योग्गता र सेवा अवधि :**१) यो अध्यादेश बमोजिम तह बृद्धि तथा बढुवाका लागि आवश्यक न्युनतम **शैक्षिक योग्गता र सेवा अवधि देहाय बमोजिम हुनेछ ।**

| क्र.स. | हालको तह | तह बृद्धि हुने तह | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
|---|---|---|---|---|
| १ | चौथो | पाचौं | SLC वा सो सरह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

| | | | | |
|---|---|---|---|---|
| २ | पाँचौं | छैटौं | सेवा समूहसँग सम्बन्धित विषयमा न्यूनतम प्रवीणता तहमा प्रमाण पत्र तह वा कक्षा १२ उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | छैटौं | सातौं | सेवा समूहसँग सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

२) सेवा अवधी:

| क्र.स. | हालको तह | बढुवा हुन लाग्ने सेवा अवधी | न्युनतम शैक्षिक योग्गता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | अधिकृत एघारौं | अधिकृत दशौ तहमा कम्तिमा तीन बर्ष सेवा अवधी पुरा | सेवा समुह सगँ सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तिण गरेको | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | अधिकृत नवौं | अधिकृत आठौ तहमा कम्तिमा तीन बर्ष सेवा अवधी पुरा | सेवा समुह सगँ सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उतिण गरेको | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३ | अधिकृत सातौं | अधिकृत छैठौ तहमा कम्तिमा तीन बर्ष सेवा अवधी पुरा | सेवा समुह सगँ सम्बन्धित विषयमा कम्तिमा प्रविणत प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ४ | सहायक पाचौं | सहायक चौथो तहमा कम्तिमा तीन बर्ष सेवा अवधी पुरा | सेवा समुह सगँ सम्बन्धित विषयमा कम्तिमा प्रविणत प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह | स्वास्थ्य सेवामा सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

७. तह बृद्धि **सम्बनधी बिशेष ब्यबस्था:**(१) अध्यादेशको दफा ८(१४) बमोजिम चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीहरुको प्रमुख प्रशासकीय अधिकृतले तह बृद्धिको निर्णय गरी नियुक्ती पत्र दिनेछ ।

२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भइ सेवा अवधि ५ बर्ष पुरा गरेका पाचौ, सातौ र नवौ तहका कार्यरत कर्मचारीहरुलाई अध्यादेशको दफा २८ को प्रक्रिया पुरा गरी क्रमश छैठौ, आठौ र दशौ तहमा एक तह बृद्धि गरिनेछ।

३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृत स्तर सातौ र नवौ तहका पदहरुमा दफा २९ को प्रक्रिया पुरा गरी अध्यादेशमा तोकिए बमोजिम बढुवा समितिले बढुवा गर्नेछ ।

४) संघीय लोकसेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परिक्षाद्धारा स्थानिय सेवाको छैठौ तहको पदमा सिफारिस भई सकेका कर्मचारीहरुलाई स्थानिय सेवाको सातौ तहका लागि आवश्यक न्युनतम शैक्षिक योग्गता पुगेको भएका अख्तियावालाले सातौ तह कायाम गरी दिने । यसरी सातौ तह कायाम गर्नुपुर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नुपर्नेछ ।

(५) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिमको तह बृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(६) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्था – कोशी प्रदेश बाहिर कामकाजमा खटिएको तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह बृद्धि हुने । एक स्थानीय तहबाटअर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/ पदाधिकार रहेको कार्यालयमा तह बृद्धि हुने ।

८. **जेष्ठता कायाम :** तह बद्रि हुने कर्मचारीहरुको अध्यादेशको दफा २८ को उपदफा २ बमोजिम प्रत्येक आर्थिक बर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायाम हुने ।

९. **बाधा अडकाउ फुकाउने :**कार्याविधीको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा नगरकार्यापालिकामा रहनेछ ।

१०. तह बृद्धि **गर्नु नहुने :**यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ५ को उपदफा -बमोजिमको समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्न पाइने छैनः (१)

(क) नसिहतको सजाय पाएकोमा नसिहत पाएको मितिले एक बर्षसम्म,

(ख) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ग) तलबबृद्धि वा बढुवा रोक्का भएकोमा तलबबृद्धि वा बढुवा रोक्का भएको अवधिभर र

(घ) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर ।

११. **जानकारी दिनुपर्ने**: यस कार्यविधी बमोजिम गरिएको तह बृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र प्रदेश किताबखाना ,मन्त्रालय र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ ।

१२. **उजुरी /गुनासो :**तह बृद्धिको निर्णय उपर चित्त नबुझेमा प्रदेश लोक सेवा आयोगमा सुचना प्रकासन भएको मितिले २१ दिन भित्र उजुरी/गुनासो गर्न सकिने छ ।

१३. **प्रचलित कानुन बमोजिम हुने :**यस कार्यविधीमा उल्लेख भएको बिषयमा कार्यविधी बमोजिम र अन्य बिषयको हकमा प्रचलित कानुन बमोजिम हुने ।

अनुसूची १

(कार्यविधिको दफा ६ सँग सम्बन्धित)

**तह बृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा**

मिति : २०८०/ /

श्री अध्यक्षज्यू
तह वृद्धि सिफारिश समिति

विषय : तह वृद्धि गरी पाउँ।

प्रस्तुत विषयमा यस उपमहानगरपालिकाको तह वृद्धि सिफारीश समितिको मिति २०८०/ / गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना वमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

तपसिल

६. स्थायी नियुक्तिको पत्र।

७. बढुवा/तह वृद्धि भएको पत्र।(दफा ८(१६) को हकमा नपर्ने)

८. समायोजनपत्र।(समायोजन भएका कर्मचारीको हकमा मात्र)

९. नेपाली नागरिकताको प्रमाण पत्र।

१०. न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र।

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मिति |
| पदः | हालको पदमा तहवृद्धी/बढुवा मिति |
| तह: | समायोजन मिति |
| सेवा: | कर्मचारी संकेत न. |
| समुह: | कार्यरत कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला।

निवेदक

नाम :

दस्तखत :

क.सं. नम्बर :

अनुसूची २

(कार्यविधिको दफा ७ सँग सम्बन्धित)

**तह बृद्धि पत्रको ढाँचा**

पत्र संख्या : २०७९।८०

चलानी नं.

मिति: २०८०। ।

**विषय: तह बृद्धि गरिएको ।**

तपाईँलाई नगर कार्यपालिकाको कार्यालयको मिति २०८०।। गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० वमोजिम नियमानुसार ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तहबृद्धि गरिएको छ । तह बृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना ।

तपसिल :

| हाल कार्यरत पद | तह बृद्धि गरेको पद |
|---|---|
| पद: | पद: |
| तहः | तहः |
| सेवा: | सेबा:: |
| समुह: | समुह |
| कार्यरत कार्यालय : | कार्यरत कार्यालय : |

श्री ...............

कर्मचारी संकेत नम्बर

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग ।

श्री राष्ट्रिय किताबखाना निजामतति पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ्ग ।

श्री प्रदेश किताबखाना, विराटनगर मोरङ्ग ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी

श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ्ग।

श्री आर्थिक प्रशासन शाखा, माई नगरपालिका,नगर कार्यपालिको कार्यालय ।

आज्ञाले ,

नाम : महेन्द्र विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत